# मत्स्य सङ्ग्राहलय तथा जैविक विविधता सूचना केन्द्र

## (Fish Museum and Biodiversity Information Centre)

भरतपुर महानगरपालिका ११, भोजाड, चितवन





डेढुवा



मारा



पोठी

मत्स्य सङ्ग्रहालय तथा जैविक विविधता सूचना केन्द्र (Fish Museum & Biodiversity Information Centre) चितवन जिल्लाको भरतपुर महानगरपालिका ११, भोजाडमा अवस्थित छ, जुन डिभिजन वन कार्यालय, चितवनले प्रदान गरेको २७० बर्ग मिटर क्षेत्रफलमा निर्माण गरिएको छ । यो भर्खर मात्र स्थापना गरिएको सानो केन्द्र हो र यसमा हाल स्थानीय ताल तलैयाहरू (टाइगर ताल, राइनो ताल, खगेरी खोला तथा रामपुर घोल) बाट सङ्कलित ३४ स्थानीय माछाको प्रजातिहरू पहिचानको लागि संरक्षित नमुनाको रूपमा फ्लास्कभित्र बन्द गरि राखिएको छ । यो केन्द्र सन् २०२० मा स्थापना गरिएको हो र यसलाई संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, विश्व वातावरण कोष, साना अनुदान कार्यक्रम, काठमाडौबाट एमडिआई नेपाल मार्फत् जैविक विविधता (मत्स्य) संरक्षण तथा सम्बर्द्धन परियोजना अन्तर्गत आर्थिक सहयोग प्राप्त भएको छ ।

## उद्देश्य

स्थानीय ताल तलैया तथा नदीनालाहरूमा हाल अन्धाधुन्धरूपमा माछा मार्ने काम गरिन्छ र यसले जलचरहरूमा नराम्रो प्रभाव पारिरहेको छ । सामान्य जाल तथा ढडियाहरू प्रयोग गरिने ठाउँमा बिभिन्न प्रकारका बिषादीहरू, करेन्ट लगाउने तथा डाइनामाइटहरूको समेत प्रयोग गरी माछा मार्ने प्रवृत्ति बढिरहेको छ । यसले गर्दा माछा तथा अन्य जलचरहरू लोप हुने अवस्थामा पुगिसकेको पाइएको छ । अतः यो प्रक्रियालाई क्रमशः कम गर्दै लैजानु आजको आवश्यकता भइसकेको छ । त्यसैले माछा मार्ने प्रकियालाई कसरी दिगो तथा वातावरण मैत्री बनाएर स्थानीय ताल तलैया तथा नदी नालाहरूमा मत्स्य विविधतालाई संरक्षण तथा सम्बर्द्धन गर्न सकिन्छ भन्ने जानकारीहरू स्थानीय स्तरमा निरन्तर प्रदान गर्नु यस केन्द्रको प्रमुख लक्ष्य हो । यसको लागि केन्द्रले चितवन स्थित विभिन्न जलचर क्षेत्रहरूबाट विभिन्न प्रजातिका माछाहरू सङ्कलन गर्ने, तिनीहरूको पहिचान गर्ने, तिनीहरूको बासस्थानहरू तथा प्रजनन् प्रकियाहरू र तिनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक महत्वहरू बारे सर्वसाधारणहरूलाई निरन्तर जानकारीहरू दिने काम गर्नेछ । साथै केन्द्रले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रहरूसँग समन्वय गरी यसबारे थप जानकारीहरू दिने प्रयास गर्नेछ । अन्ततः यो केन्द्र भविष्यमा मत्स्य विविधता तथा संरक्षणको क्षेत्रमा सर्बसाधारणहरुमा निरन्तर जानकारी दिनको लागिएक शैक्षिक केन्द्रको रूपमा विकास होस् भन्ने अपेक्षा गरिएको छ । यसको लागि यहाँहरू सबैको सहयोग र सुझावहरूको हार्दिक अपेक्षा गरिन्छ ।

## प्रदर्शनी स्थल

यस केन्द्रमा हाल चितवन जिल्लाको भरतपुर ११ स्थित टाइगर ताल, भरतपुर १२ स्थित राइनो ताल, खगेरी खोला तथा रामपुर घोलबाट सङ्कलन गरि ल्याइएको ३४ विभिन्न प्रजातिका माछाहरु सुरक्षित गरी राखिएको छ । यी माछाहरूको सङ्कलन गर्न, पहिचान गर्न तथा यी माछाहरूको महत्वहरूबारे अध्ययन गर्न, यिनीहरूको हालको संरक्षणको अवस्थाहरू बारे एकिन गर्न कृषि तथा वन विश्वविद्यालय, रामपुरका मत्स्य विशेषज्ञहरू संलग्न थिए । उनीहरूले गरेको सिफारिस अनुसार यी माछाहरूबारे नेपालीमा एक पुस्तिका पनि तयार गरिएको छ । सबै माछाहरूको वैज्ञानिक वर्गीकरण गरी तिनीहरूको बिशेषता तथा संरक्षणको स्थितिहरूबारे यथास्थानमा लेवलिङ्ग गरी सङ्क्षिप्त जानकारीहरू दिने प्रयास गरिएको छ । यस अध्ययनले पोषणको हिसाबले अत्यन्त महत्वपूर्ण ३ प्रकारका माछाहरू जस्तै मारा, डेढुवा र पोठी यी ताल तलैयाहरूमा प्रशस्त मात्रामा भेटिएको जनाएको छ । यस मध्ये मारा प्रजाति जुन भिटामिन ए तत्वले भरपुर छ, पहिलो पटक चितवनमा फेला परेको जनाइएको छ । यी माछाहरूमा भएको पौष्टिक तथ्याङ्कहरूबारे लिफलेटहरू मार्फत् छुट्टै जानकारी दिने प्रयास गरिएको छ ।





यो पहिलो प्रयास हो । यसमा अनगिन्ति कमी कमजोरीहरु होलान् । यसको लागि यहाँहरूको अमूल्य सुझावहरूको यो केन्द्र हार्दिक अपेक्षा गर्दछ । आगामी दिनहरूमा हामी एमडिआई नेपाल तथा डिभिजन वन कार्यालय, चितवनको तर्फबाट यस केन्द्रलाइ अझ थप प्रभावकारी ढङ्गले अगाडि बढाउने प्रण गर्दछौं । सम्भव भए सम्म भविष्यमा चितवन जिल्लाका अन्य विभिन्न थप जलचर क्षेत्रहरूबाट अन्य विभिन्न माछाका प्रजातिहरू सङ्कलन गरिनेछ र तिनीहरूको सुरक्षित वंशाणुगत बैंक (Cryogenic Gene Bank) तथा डिएनए सङ्कलन युनिट (DNA Collection Unit) स्थापना गर्ने लक्ष्य लिइएको छ ।

आशा छ, सर्वसाधारणहरूले यस केन्द्रबाट जैविक विविधता तथा यसको महत्वहरूबारे निरन्तर जानकारीहरू लिन सक्नेछन् र यस्ता ताल तलैया, नदीनाला तथा घोल क्षेत्रहरुमा कसरी माछा तथा अन्य जलचरहरूको संरक्षण गर्न सघाउ पुऱ्याउन सकिन्छ भन्ने कुराको आत्म बोध गर्न सक्नेछन् भन्ने विश्वास गरिएको छ ।

## केन्द्र खुल्ने समय

यो केन्द्र सर्व साधारणहरूको लागि हप्ताको हरेक शुक्रवार र शनिवार बिहान १० बजेदेखि १२ बजेसम्म र अपरान्ह २ बजेदेखि ४ बजेसम्म खुल्ला रहनेछ । यस केन्द्रको अवलोकनको लागि समूहगत रूपमा आउने मनशाय राख्ने विभिन्न समूह, विद्यालय तथा संघ संस्थाहरूले केन्द्रलाई पुर्व जानकारी दिनु पर्नेछ र यसको लागि टेलिफोन नं. ९८५५०४७२९७ (एमडिआई नेपाल) वा ९८५५०८७३३१ (डिभिजन वन कार्यालय) मा सम्पर्क गर्न सकिनेछ ।

**डिभिजन वन कार्यालय, चितवन**

डिभिजन वन कार्यालय
भरतपुर, चितवन

Empowered lives
Resilient nations.

The GEF
Small Grants
Programme

नव जागृति सा.व.उ.स.

एमडिआई नेपाल
MDI Nepal
www.mdinepal.org